प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय
गण्डकी प्रदेश
स्याङजा , नेपाल

फोन नं. ०६३-४२०१८८
फ्याक्स नं. ०६३-४२१२३२
Email. syagjadho@gmail.com

पत्र संख्या: २०७८/०७९
चलानी नं. १८४

मिति: २०७८।०८।१६

**बिषयः- कोभिड १९ बाट मृत्यु भएका परिवारलाई आर्थिक सहायता दाबीको लागि सार्बजनिक सुचना ।**

स्वास्थ्य तथा जनसख्था मन्त्रालय , गण्डकी प्रदेशको कोभिड -१९ रोगको कारण हाल सम्म नेपाल भित्र मृत्यु भएका ब्यक्तिहरुको स्थायी ठेगानाका आधारमा आर्थिक सहायता बितरण सम्बन्धी अबधारणा - पत्र , २०७८ बमोजिम आ.ब. ०७८/०७९ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार कोभिड १९ बाट मृत्यु भएका परिवारलाई आर्थिक सहायता उपलब्ध गराउने ब्यबस्था भएकोले तपशिल अनुसारका कागजात संलग्न गरी स्वास्थ्य कार्यालय स्याङजामा आर्थिक सहायता दाबीको लागि निबेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

**आर्थिक सहायता लिनको लागि निबेदनसाथ पेश गर्नुपर्ने कागजातहरुः-**

- कोभिड १९ पोजेटिभ भएको रिपोट पेश गर्नु पर्ने ।(सम्भव भएसम्म)
- अस्पतालले दिएको कोभिड १९ का कारण मृत्यु भएको प्रमाण पत्र (Death Certificate) अनिवार्य पेश गर्नु पर्ने ।
- मृत्यु दर्ताको प्रमाण पत्रको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्ने ।
- आर्थिक सहायता दाबी गर्ने मृतकको नजिकको नातेदारको नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि अनिवार्य पेश गर्नु पर्ने ।
- आर्थिक सहायता दाबी गर्ने मृतकको नजिकको नातेदारको मृतकसगँको नाता प्रमाणित प्रमाण पत्रको प्रतिलिपि अनिवार्य पेश गर्नु पर्ने ।
- आर्थिक सहायता दाबी गर्ने मृतकको नजिकको नातेदारको बैक खाता चेकको प्रतिलिपि अनिवार्य पेश गर्नु पर्ने ।
- उल्लेखित प्रमाण सहित आर्थिक सहायता दाबी गर्न नजिकको नातेदार स्थायी ठेगाना भएको स्वास्थ्य कार्यालयमा निबेदन पेश गर्नु पर्ने छ ।

**उल्लेखित:** बुँदा अनुसार प्रकृया पुर्याई आर्थिक सहायता दाबी गर्ने नजिकको नातेदारलाई यस कार्यालयले आर्थिक सहायता रकम रु.५०,०००/-(पचास हजार मात्र) E-Payhent मार्फत उक्त ब्यक्तिको बैक खातामा उपलब्ध गराइने छ ।

**नोटः** ( मृत्कको परिवार भन्नाले मृतकको संगोलको पति वा पत्नी संगोलको छोरा, संगोलको अबिबाहित छोरी, संगोलको बाबु वा आमा, धर्मपुत्र तथा अबिबाहित धर्मपुत्रीलाई जनाउनेछ । साथै आर्थिक सहायता प्रदान गर्ने प्रयोजनार्थ नजिकको नातेदार भन्नाले उल्लेखित क्रमको प्राथमिकताको आधारलाई मानिनेछ )।

**कार्यालय सम्पर्क नम्बरहरुः- ०६३-४२४१८८ , ९८५६०५०२५४ र ९८५६०५२७६६**

स्वास्थ्य कार्यालय स्याङजा ।
कार्यालय प्रमुख

Scanned with CamScanner